# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

राष्ट्रिय योजना आयोगको सचिवालयका सचिव श्री शंकरकृष्ण मल्ल एशिया तथा प्रशान्त क्षेत्रको विकाससम्बन्धी संस्था (ए. पी. डी. सी.) को व्यवस्थापन समितिको बैठकमा भागलिन मलेशियातर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही सचिवालयका अतिरिक्त सचिव श्री गौरीनाथ रिमाललाई मिति २०४३।३।१२ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,

कर्णध्वज अधिकारी

श्री ५ को सरकारको मुख्य सचिव

श्री ५ को सरकार

## गृह मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारको मिति २०४३।३।१५ को निर्णयानुसार जि.का. बाजुराका प्र.जि.अ. श्री कुमारप्रसाद पौडेल घर बिदामा बस्नुभएकोले सो प्र.जि.अ. पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्रशासकीय अधिकृत श्री रुद्रप्रसाद पौडेललाई मिति २०४३।२।११ देखि कायम मुकायम मुकरर गरिएको छ ।

### सूचना २

श्री ५ को सरकारको मिति २०४३।३।१५ को निर्णयानुसार जि.का. डोटीका प्र.जि.अ. श्री कौशलदेव जोशी घर बिदामा बस्नुभएकोले सो प्र.जि.अ. पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्रशासकीय अधिकृत श्री गोविन्द खनाललाई मिति २०४३।२।२१ देखि कायम मुकायम मुकरर गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

श्री ५ को सरकारको मिति २०४३।३।१५ को निर्णयानुसार जि.का. ओखलढुङ्गाका प्र.जि.अ. श्री दिव्यराम भण्डारी घर बिदामा बस्नुभएकोले सो प्र.जि.अ. पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्रशासकीय अधिकृत श्री हिमलाल सुवेदीलाई मिति २०४३।२।६ देखि कायम मुकायम मुकरर गरिएको छ ।

## सूचना ४

श्री ५ को सरकारको मिति २०४३।३।१५ को निर्णयानुसार जि.का. बर्दियाका प्र.जि.अ. श्री मंजूलकुमार सिंह याकथुम्बा काजमा जानुभएको हुँदा सो प्र.जि.अ. पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्रशासकीय अधिकृत श्री शालीग्राम सापकोटालाई मिति २०४३।२।२५ देखि कायम मुकायम मुकरर गरिएको छ ।

## सूचना ५

श्री ५ को सरकारको मिति २०४३।३।१५ को निर्णयानुसार जि.का. मनाङका प्र.जि.अ. श्री घननाथ ओझा घर बिदा बस्नुभएकोले सो प्र.जि.अ. पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्रशासकीय अधिकृत श्री लक्ष्मीराज शर्मालाई मिति २०४३।२।१८ देखि कायम मुकायम मुकरर गरिएको छ ।

आज्ञाले,
हीरालाल गुभाजु
कानून अधिकृत (उप-सचिव)

## राष्ट्रिय पञ्चायत सचिवालयको

## सूचना १

श्री ५ को सरकारको मिति २०४३।२।१५ को निर्णयानुसार राष्ट्रिय पञ्चायत सेवा, राजपत्राङ्कित प्रथम श्रेणी (सह-सचिवस्तर) का श्री केशवलाल कर्माचार्यलाई सोही सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको अतिरिक्त सचिव पदमा बढुवा गरी राष्ट्रिय पंचायत सचिवालयमा पदस्थापन गरिएको छ ।

आज्ञाले,
स्यामकृष्ण भटराई
राष्ट्रिय पंचायतको सचिव

२६३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।